बैठक संख्या:- १०६

मिति:- २०८२/०३/०९ गते

समय:- बिहान-११:०० बजे

स्थान:- खुम्बु पासाङल्हामु गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, चौरिखर्क ।

कोशी प्रदेश सोलुखुम्बु जिल्ला खुम्बु पासाङल्हामु गाउँपालिका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतामा १०६ औं कार्यपालिका बैठक आज मिति २०८२/०३/०९ गते बिहान ११:०० बजे देहायको उपस्थितिमा बसी देहायबमोजिमको निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

| क.स. | नामावली | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिङमा छिरी शेर्पा | अध्यक्ष | |
| २ | श्री टासी ल्हमु शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री फुनुरु शेर्पा | कार्यपालिका सदस्य | |
| ४ | श्री आङ फुर्वा शेर्पा | कार्यपालिका सदस्य | |
| ५ | श्री नुरु जाङवु शेर्पा | कार्यपालिका सदस्य | |
| ६ | श्री लक्ष्मण अधिकारी | कार्यपालिका सदस्य | |
| ७ | श्री पासाङ ग्याल्जेन शेर्पा | कार्यपालिका सदस्य | |
| ८ | श्री ल्हाक्पा ग्याल्जेन शेर्पा | कार्यपालिका सदस्य | |
| ९ | श्री ल्हाक्पा छिरी शेर्पा | कार्यपालिका सदस्य | |
| १० | श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ११ | श्री डिमा याङजीन शेर्पा | कार्यपालिका सदस्य | |
| १२ | श्री आङ माया शेर्पा | कार्यपालिका सदस्य | |
| १३ | श्री पासाङ डोमा शेर्पा | कार्यपालिका सदस्य | |
| १४ | श्री नवराज गौतम | प्रमुख प्रशासकीय अधिकृत | |
| १५ | श्री सुजन कुमार वुढाथोकी | प्रशासकीय अधिकृत | |
| १६ | श्री चेतनाथ कटेल | लेखा अधिकृत | |
| १७. | श्री अमृत अर्याल | बस्ती संरक्षण अधिकृत | |

**निर्णय नं. १**

खुम्बु पासाङल्हामु गाउँपालिकामा चालु आ.व. ०८१।०८२ मा विनियोजित योजना तथा कार्यक्रमको समिक्षा गर्दा भौगोलिक अवस्था र पर्यटकिय सिजनका कारण पालिकाका गौरबका आयोजना सम्पन्न नभए तापनि हाल सम्मको प्रगति सन्तोषजनक नै रहेको हुँदा कार्यान्वयनमा खटिने सम्पूर्ण जनप्रतिनिधिहरू, कर्मचारीहरू, टोल विकास संस्था, युवा समूह, महिला समूह लगायत सरोकारवाला सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्ने।

**निर्णय नं. २**

आगामी आ.व. ०८२।०८३ का लागि संलग्न गरिएका नीति तथा कार्यक्रम स्विकृतिका लागि मिति २०८२ असार १० गते हुने दोस्रो गाउँसभाको १८ औं अधिवेशनमा पेश गर्ने।

**निर्णय नं ३**

खुम्बु पासाङल्हामु गाउँपालिकाको विधायन समितिले तयार गरेका तपशिल बमोजिमका कार्यविधि तथा निर्देशिका स्विकृत गर्ने।

तपशिल

| क्र.सं. | नाम |
|---|---|
| १. | सार्वजनिक जवाफदेहिता प्रवर्धन कार्यविधि, २०८२ |
| २. | विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०८२ |

**निर्णय नं. ४**

खुम्बु पासाङल्हामु गाउँपालिकाले तयार गरी कार्यान्वयनमा रहेका तपशिल बमोजिमका कार्यविधि तथा निर्देशिकाको कार्यान्वयनका क्रममा केही बाधा उत्पन्न हुने देखिएकाले संशोधनको आवश्यकता पहिचान गरिएको हुँदा सोही अनुसार संसोधन गर्ने।

तपसिल

| क्र.सं. | नाम |
|---|---|
| १. | बस्ती विकास, भवन निर्माण तथा अभिलेखीकरण सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८१ |
| २. | टोल विकास संस्था गठन तथा परिचालन (पहिलो संशोधन) कार्यविधि, २०८२ |

CamScanner

**निर्णय नं. ५**

खुम्बु पासाल्हामु गाउँपालिकामा विद्यमान रहेका पूवाधार विकास समिति र संस्थागत विकास तथा सुशासन समिति देहाय अनुसार पुनर्गठन गर्ने।

| | | |
|---|---|---|
| **क)** | **पूर्वाधार विकास समिति** | |
| १. | श्री लक्ष्मण अधिकारी | संयोजक |
| २. | श्री आङ फुर्वा शेर्पा | सदस्य |
| ३. | श्री उमा बराइली | सदस्य |
| ४. | योजना ताथ प्रशासन शाखा प्रमुख | सदस्य |
| ५. | प्राविधिक शाखा प्रमुख | सदस्य सचिव |
| **ख)** | **संस्थागत विकास तथा सुशासन समिति** | |
| १. | श्री ल्हाक्पा गेल्जेन शेर्पा | संयोजक |
| २. | श्री नुरू जाङबु शेर्पा | सदस्य |
| ३. | श्री डिमा याङजीन शेर्पा | सदस्य |
| ४. | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ५. | योजना तथा प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं. ६**

खुम्बु पासाङल्हामु गाउँपालिकामा कार्यरत तपशिल बमोजिमका कर्मचारीहरुले चालु आ.व. ०८१।०८२ मा गरेको कार्यसम्पदनलाई आधार मानी जनही रू. ५० हजार नगद पुरस्कार प्रदान गर्ने।

| | | |
|---|---|---|
| १. | अर्थीमाया तामाङ | स्वास्थ्य संयोजक |
| २. | रविन्द्रनाथ राम | सब इञ्जिनियर |
| ३. | दावा गेल्जे शेर्पा | एम आई एस फिल्ड सहायक/वडा सडिव, वडा नं. ४ |

CamScanner

निर्णय नं. ७

खुम्बु पासाङल्हामु गाउँपालिका भित्र आगामी आ.व. मा सञ्चालन हुने कार्यक्रम पेस गर्नका लागि प्रकाशित सूचना अनुसार निर्धारित समयमा कार्यक्रमहरू सञ्चालन गर्ने संस्थाहरू मध्ये पासाङल्हामु पर्वतारोहण प्रतिष्ठनलाई पुनः कार्यक्रम पेस गर्न पत्राचार गरिएकोमा उक्त संस्थाले पेस गरेको देहाय अनुसारको कार्यक्रम स्वीकृत गर्ने

| संस्थाको नाम | पेस बएको बजेट जम्मा रकम रू | कार्यक्रमहरू |
|---|---|---|
| पासाङल्हामु पर्वतरोहण प्रतिष्ठान | १८०९५००।०० | महिला पर्वतारोहीहरूको तथ्याङ्क अभिलरखिकरण, बरिष्ठा तथा होटल आतिथ्यता तालिम, करियर परामर्श कार्यक्रम र खेलकुद विकास कार्यक्रम |

***निर्णय नं. ८***

गत आ.व. ०८०।०८१ मा खुम्बु पासाङल्हामु गाउँपालिकाका बिरामी उद्दार वापतको कैलाश हेलिकप्टर प्रा.लि. लाई भुक्तानी हुन बाँकी रकम रू ३३००००।०० (तीन लाख तिस हजार) आकस्मिक हवाई उद्दार शिर्षकबाट भुक्तानी गर्ने।

***निर्णय नं. ९***

खुम्बु पासाङल्हामु गाउँपालिका र कोजु इञ्जिनियरीङ एण्ड बिल्डर्स प्रा.लि. बिच सम्झौता भई निर्माण कार्य सुरु भएको ठेक्का नं. Kumjung Khunde Waste Water Management Project (Sewere Construction) Contract ID 01/WORKS/NCB/KPLRM/2079/080 कार्य सम्पन्न गर्नु पर्ने म्याद २०८२ असार १५ गते सम्म रहेकोमा विविध कारणले गर्दा उक्त मितिमा सम्झौता बमोजिमको काम सम्पन्न गर्न नसक्ने हुँदा म्याद थप गरि पाँउ भनी निर्माण कम्पनीले सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार मिति २०८२ ज्येष्ठ १५ गते (म्याद सकिन भन्दा २१ दिन अघि) नै कार्यालयमा आवश्यक कागजात सहित निवेदन पेस गरेको हुँदा हाललाई २०८३ असार १० गते सम्मको लागि म्याद थप गर्ने।

CamScanner